आज मिति २०८१/१२/०८ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को तेह्रौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा किरण राई (प्र.प्र.अधिकृत) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |

**प्रस्तावहरुः**

१. ऐनको छलफल सम्बन्धमा ।
२. आर्थिक सहयोग सम्बन्धमा ।
३. राजश्व छलफल सम्बन्धमा ।
४. गाउँपालिकाको शिक्षा योजना स्वीकृत सम्बन्धमा
५. निमाशी राहत शिक्षकको अनुमति सम्बन्धमा
६. लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक क्यालेण्डर २०८२ सम्बन्धमा
७. अनुमति सम्बन्धमा ।
८. विज्ञापन प्रकाशन अनुमति सम्बन्धमा ।
९. कार्यक्रम शंसोधन सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस लिम्चुङबुङ गाउँपालिकाको तपसिलको ऐनको कार्यपालिका वैठकमा छलफल गरी आगामी सभाबाट पासको लागि पेश गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| सि.नं | कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| १ | **लिम्चुङबुङ गाउँपालिकाको घरेलु मदिरा (उत्पादन, नियमन र व्यवस्थापन सम्बन्धी) ऐन, २०८१** | छलफल |
| २ | **लिम्चुङबुङ गाउँपालिका साँस्कृतिक प्रतिष्ठान ऐन, २०८१** | छलफल |

२. यस लिम्चुङबुङ गाउँपालिका वडा नं १ बाँसबोटे स्थायी ठेगाना भएको श्री बर्ण कुमारी राई विरामीको आमा को आर्थिक सहयोग गरिपाउँ भन्ने निवेदन अनुसार श्री नन्दलाल राईको नाती, श्री भुमिराज राईको छोरा वर्ष २० को श्री जितेन राई (ना.प्र.नं १४-०१-८०-०७१८६) विगत लामो समय देखि मानसिक रुपमा रोगी भई उपचार गरेको र उपचार पश्चात केहि ठिक भएको तर हाल पुनः सो विरामी बल्झिएको कारणले उपचार गर्न नेपालमा सम्भव नहुने भई भारतको कर्नाटक राज्यको बेङ्गलोर अस्पतालमा जानु पर्ने भएको तर निजको घरको आर्थिक अवस्था अत्यन्त दयनिय भएको हुँदा उपचारको लागि निजलाई आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार परिच्छेद-३ को समूह क अन्तर्गत परेको हुँदा सो कार्यविधि अनुसार रु, १५०००।०० (अक्षरुपी रु पन्ध्रहजार) रुपैंया आर्थिक सहयोग गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

३. यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं २ ताम्लिछाबाट मिति २०८१/११/०७ गते वडा कार्यालयमा राजश्व दाखिला नगरी खयर निकासी गरेको सम्बन्धी मिति २०८१/११/११ गते भएको छलफलको प्रतिवेदन राजश्व परामर्श समिति संयोजक समक्ष पेश गरेको हुँदा सो सम्बन्धी कर छली गरी निकासी गरेको हुँदा नियमानुसार थप जरिवाना तिराई निकासी गरेको खयरको कर दाखिला गर्न लगाउन राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

४. यस लिम्चुङबुङ गाउँपालिकाको शिक्षा शाखाले तयार गरेको लिम्चुङबुङको १० वर्षे शिक्षा योजना स्वीकृत गरी लागु गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

५. यस लिम्चुङबुङ गाउँपालिका वडा न ३ बाराहामा रहेको श्री महेन्द्र मा.वि. (१-१०) सिर्वानीको लागि नि.मा.शि. राहत तहको गणित/विज्ञापन विषयको लागि विज्ञापन प्रकाशन गरी नियुक्तिको लागि अनुतमि दिने भनि सर्वसम्मत निर्णय गरियो ।

६. यस लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक सत्र २०८२ को शैक्षिक क्यालेण्डर निर्माण गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

७. यस लिम्चुङबुङ गाउँपालिका वडा नं १ बाँसबोटे गाईखुरमा रहेको श्री गाईखुर टोल विकास सहकार्य संस्थाको मिति २०८१-१२-०८ गतेको सुद्व अर्ग्यानिक कोदोको रक्सी बनाई व्यवसायिक रुपमा प्रवर्द्वन गरी आय आर्जन वृद्दि गर्ने उद्देश्यले अनुमति पाउँ भनि पेश गरेको निवेदन अनुसार आवश्यक ऐन, कार्यविधि पास गरी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

८. यस लिम्चुङबुङ गाउँपालिका वडा नं ४ बलम्तामा रहेको स्वास्थ्यचौकी बलम्तामा अ.हे.व. पदमा कार्यरत कर्मचारी श्री जनक सागर मगरले पदबाट राजिनामा दिएको हुँदा उक्त पदमा कर्मचारि रिक्त रहेको हुँदा स्वास्थ्य शाखाको माग निवेदन अनुसार १५ दिनको म्याद राखि विज्ञापन प्रकाशन गरी करार सेवामा कर्मचारी नियुक्तिको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

९. यस लिम्चुङबुङ गाउँपालिको आ.व. ०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार स्वास्थ्य शाखा अन्तर्गत Lab instrument chemical/ओजार खरिद शिर्षकमा रु, ११ लाख बजेट विनियोजन गरिएको तर सो भन्दा महत्वपूर्ण कार्य गर्नु पर्ने भएको हुँदा सो बजेटलाई तपसिल बमोजिम शिर्षक शंसोधन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं | हालको शिर्षक | नयाँ शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | Lab instrument chemical/ओजार खरिद (११,००,०००) | Lab instrument chemical/ओजार खरिद (९५००००)<br>विद्यालय किशोरकिशोरी पोषण अभिमुखिकरण कार्यक्रम (९००००)<br>आईरण फोलिक एसिड सम्बन्धि शिक्षिका तथा प्र.अ., स्वास्थ्यकर्मी अभिमुखिकरन कार्यक्रम (६००००) | शंसोधन |
| २ | सर्जिकल सामाग्री खरिद (४०००००) | आधारभुत स्वास्थ्यकेन्द्र लैकु घेराबेरा (२०००००)<br>सर्जिकल सामाग्री खरिद (२०००००) | शंसोधन |

१०. आजको कार्यपालिका वैठकमा यो भन्दा अरु छलफल गर्ने प्रस्ताव नभएकोले आजको वैठक सम्पन्न गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।